चुलाचुली गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

पत्र संख्याः ०८०।०८१
च.नं

कोसी प्रदेश, नेपाल

## बाल मनोविज्ञ तथा समाजसेवी सूचीकृत हुन आउने सम्बन्धी २१ दिने सार्वजनिक सूचना
## प्रथम पटक प्रकाशित मिति २०८०/११/०३ गते

बालबालिकाको अधिकार तथा हक हितको संरक्षण र सम्मान गर्न बनेको बालवालिका सम्बन्धी ऐन, २०७५ को दफा (६२) को उपदफा (१) बमोजिम बाल मनोविज्ञ तथा समाजसेवीको सूचीकरण हुने कानूनी व्यवस्था रहेको र सोको कार्यान्वयन गर्ने गराउने व्यवस्थाका लागि बालबालिका सम्बन्धी नियमावली २०७८ को नियम ८३ (२) ले व्यवस्था गरे बमोजिम तपसिलको योग्यता पूरा भएका समाजसेवी तथा बाल मनोविज्ञहरुलाई तोकिएको योग्यता पूरा भएको प्रमाण खुल्ने कागजातसहित यस गाउँपालिकामा सूचिकृत हुनका लागि २१ दिन भित्र स्थानीय बालअधिकार समितिमा निवेदन दिनु हुन यो सूचना प्रकाशित गरिएको छ।

**तपसिल**

१. नेपाली नागरिक,
२. नैतिकपतन देखिने फौजदारी अभियोग वा बालबालिका विरुद्धको कसूरमा अदालतबाट कसूरदार नठहरिएको,
३. असल चरित्र भएको,
४. समाजसेवीको रुपमा सूचीकृत हुनका लागि मान्यता प्राप्त शैक्षिक संस्थाबाट सम्बन्धित विषयमा स्नातक गरेको वा कम्तीमा प्रविणता प्रमाण पत्र तह वा बाह कक्षा उतिर्ण गरेको र सामाजिक कार्य सम्बन्धी विषयमा कम्तीमा १ महिनाको तालिम प्राप्त गरेको,
५. बालमनोविज्ञको रुपमा सूचिकृत हुनको लागि मान्यता प्राप्त शैक्षिक संस्थाबाट मनोविज्ञान वा सम्बन्धित विषयमा स्नातक गरेको वा कम्तीमा प्रविणता प्रमाण पत्र तह वा बाह कक्षा उतिर्ण गरी मान्यता प्राप्त निकाय वा तालिम प्रदायक संस्थावाट बालमनोविज्ञान सम्वन्धमा कम्तीमा एक महिनाको तालिम प्राप्त गरेको।

...............................
- मिलन कुमार भट्टराई
नि.प्रमुख प्रशासकीय अधिकृत

नि.प्रमुख प्रशासकीय अधिकृत



CamScanner